दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १९७ | बुटवल | २०८२ असार २९ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday July. 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# कर्मचारी र शेयर सदस्यको विरोध छल्दै ग्रामीण विकास लघुवित्तको साधारणसभा

**प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यकाल लम्ब्याउने निहीत स्वार्थमा आवश्यकता र औचित्य नै नभएको समाज लघुवित्तसँग मर्ज गर्ने प्रस्ताव पारित गर्न जबरजस्ती साधारणसभा गरेको आरोप छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले कर्मचारी संगठन र शेयर सदस्यहरुको विरोधलाई बेवास्ता गर्दै साधारणसभा गरेर कमजोर संस्थासँग मर्जर प्रस्ताव पारित गरेको छ। संस्थाले अधिकांश महिला शेयर सदस्यहरूलाई जानकारी नदिई / सहभागी नगराई शनिबार बुटवलमा प्रहरी तैनाथ गरी सीमित शेयर सदस्य सहभागी गराएर साधारणसभा गरेको असन्तुष्ट शेयर सदस्यको गुनासो छ।

साधारणसभामा करिब सय जनाका लागि कुर्सी राखिएको भए पनि सञ्चालक समिति सदस्यहरू र केही शेयर सदस्यहरु मात्रै सहभागी थिए। सञ्चालक समितिका अध्यक्ष भरतराज कोइराला र कम्पनी सचिवसमेत रहेका प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालको मिलेमतोमा औपचारिकताका लागि मात्रै साधारणसभा गरिएको कर्मचारी संगठनको आरोप छ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले समाज लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मर्जर प्रस्ताव पारित गर्नका लागि शेयर सदस्यहरूलाई सहभागी नै नगराई जबरजस्ती साधारणसभा गरेको नेपाल राष्ट्रिय कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष दीपेन्द्र लुइँटेलले बताए।

कर्मचारी संगठनले कार्यक्रमस्थलमा कालो ब्यानरसहित विरोध प्रदर्शन गरेका थिए । कर्मचारीमध्येका शेयर सदस्यहरूलाई प्रवेशमा प्रहरी परिचालन गरेर रोक लगाइएको थियो। भुई तलामै प्रहरी तैनाथ गरेर होटेलको पाँचौ तलामा आयोजित साधारणसभामा जान शेयर सदस्य कर्मचारी र पत्रकारलाई रोक लगाएपछि केहीबेर तनाव उत्पन्न भएको थियो। पत्रकारहरुले समाचार संकलनमा रोक लगाइएको विषय जानकारी गराएपछि प्रमुख जिल्ला अधिकारीले प्रहरीलाई फोन गरेर प्रवेश गर्न दिएका थिए । पत्रकार र असन्तुष्ट शेयर सदस्यहरु पुग्दा साधारणसभा सम्पन्न भएको थियो।

सर्वसाधारणतर्फका शेयर सदस्यहरूलाई सूचना समेत नगरी ढोका थुनेर आफू अनुकूलको निर्णय गर्न साधारणसभा गरिएको शेयर सदस्य लिलामाया थापाले बताइन् । 'हामीलाई गुमराहमा राखेर कहिले कुन ठाउँ, कहिले कुन ठाउँ भन्दै झुक्याएर साधारणसभा गरियो, थाहा पाएर आउँदा पनि जान दिइएन।'-थापाले भनिन्। संस्थाले सुरुमा संस्थाको केन्द्रीय कार्यालयमा, दोस्रोपटक एशियन होटेलमा र तेस्रोपटक पाम इन्टरनेसनल होटेलमा साधारणसभा हुने सूचना टाँसेको थियो।

शेयर सदस्य सरस्वती न्यौपानेले महिलाहरुको लघु वित्त भनेर नाम चलेको र माथि उठेको संस्थाले महिला शेयर सदस्यहरुलाई निषेध गरेर आफू अनुकूल व्यक्तिलाई मात्रै सहभागी गराएर साधारणसभामा गरेकोप्रति आपत्ति जनाइन् । साधारण सभामा पेस हुने प्रस्तावहरूमा छलफल गर्न र प्रश्न सोध्न आए पनि सुरुमा प्रवेश नदिइएको र प्रवेश गर्नासाथ साधारणसभा सकिएको उनले गुनासो गरिन्। 'समान प्रकृतिका ५ वटा संस्थासंग मर्ज गरेको दश वर्षसम्म पनि शेयरधनीहरुलाई केही नाफा दिन नसकेको संस्थाले अब एकदमै कमजोर संस्थासंग मर्ज गर्नुपर्ने कारण के हो, हामीलाई थाहा छैन,' उनले भनिन्-'कार्यकारी प्रमुख र सञ्चालकको कार्यकाल थप्ने स्वार्थमा गरिने मर्जर शेयर सदस्यलाई स्वीकार्य छैन।'



नेपाल राष्ट्रिय कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष दीपेन्द्र लुइँटेलले सर्लाहीमा केन्द्रीय कार्यालय रहेको तीन जिल्ला कार्यक्षेत्र भएको २ करोड २८ लाख पुँजी भएको समाज लघु वित्तसँग ७७ जिल्ला कार्यक्षेत्र र ९८ करोड २५ लाख पुँजी भएको संस्थाले मर्जर गर्नुपर्ने कुनै आवश्यकता र औचित्य नै नभएको उनले बताए। यो मर्जरको विपक्षमा वहुमत शेयर सदस्य र कर्मचारी रहेकाले मर्जर सफल नहुने उनको चेतावनी छ।

मर्जर अनुचित छ भन्दै संगठनले असार १३ गते नै संस्थालाई ध्यानाकर्षणपत्र बुझाए पनि जबरजस्ती गरिएको उनको भनाइ छ। 'यो कुनै व्यक्तिको कार्यकाल दोहोऱ्याएर निजी स्वार्थ पूरा गर्न रचिएको नाटक हो, यसले संस्था, शेयरधनी र कर्मचारी कसैलाई फाइदा हुँदैन,' उनले भने-'कमजोर वित्तीय हैसियत भएको संस्थासँग समान अनुपात (रेसियो) मा मर्जर गर्न तयार हुनुले गम्भीर प्रश्न उठेको छ, यस्तो गलत रवैयाप्रति नियामक निकाय नेपाल राष्ट्र बैंकको गम्भीर ध्यानाकर्षण हुनुपर्छ।'

आर्थिक वर्ष २०८०/०८१ को वित्तीय सूचकांकमा ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको तुलनामा समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको चुक्ता पुँजी २.३ प्रतिशत, निक्षेप संकलन ४.५ प्रतिशत, ऋण लगानी ३.६ प्रतिशत, सदस्य ३.४ प्रतिशत र ऋणी ३.८ प्रतिशत रहेको उल्लेख गर्दै हरेक सूचकहरू ५ प्रतिशतभन्दा कम छ। तर मर्जरजस्तो कर्मचारी वर्गमा प्रत्यक्ष प्रभाव पार्ने विषयलाई नजरअन्दाज गरी आधिकारिक ट्रेड युनियनसँग कुनै प्रकारको औपचारिक छलफल, संवाद तथा परामर्श नगरी विरोधका बाबजुद पनि साधरणसभा गर्नुले बदमासी भएको पुष्टि भएको अध्यक्ष लुइँटेलको तर्क छ।

दसौँ साधारण सभाको विशेष प्रस्तावमा समाज लघुवित्त संस्था लिमिटेडसँग गाभ्ने प्रस्तावमा भर्चुअल सहभागी गराएर हतार हतारमा प्रस्तावहरू पारित गराइएको स्वयम सञ्चालकहरू बताउँछन्।

कम्पनी सचिव र प्रमुख कार्यकारी अधिकृत एउटै

कम्पनी सचिव र प्रमुख कार्यकारी अधिकृत एउटै व्यक्ति हुन नमिल्ने प्रावधान रहे पनि श्याम कुमार कटुवालले दुवै जिम्मेवारी सम्हालेका छन्। २०८१ साल फागुन १७ गते समाज लघुवित्त वित्तीय संस्थासँग एकीकरण (मर्जर) गर्ने सम्झौता गरिएको थियो। तर, समझदारीबारे शेयर सदस्य र कर्मचारीहरूलाई भने साधारणसभा गर्ने मिति तय भएपछि मात्रै जानकारी गराइएको थियो। प्रमुख कार्यकारी अधिकृत कटुवालले आफ्नो कार्यकाल लम्ब्याउन र केहीलाई जागिर दिनका लागि कमजोर वित्तीय अवस्था रहेको संस्थासँग मर्जर गर्न लागेको कर्मचारी संगठनका केन्द्रीय उपाध्यक्ष विष्णु पंगेनीले बताए।

नायब प्रमुख कार्यकारी अधिकृत दीपक पाण्डेयले नेपाल राष्ट्र बैंकले अनुमति दिएपछि साधारणसभाबाट मर्जर सम्बन्धी विशेष प्रस्तावसर्वसम्मत पारित भएको दाबी गरे।

साधरणसभाको समाचार संकलनका लागि पुगेका सञ्चारकर्मीलाई समेत प्रवेशमा रोक लगाइएको विषयमा उनले केही वर्षयता पत्रकारलाई नबोलाउने गरिएकोमा कुनै कर्मचारी संगठनले बोलाएको भए संस्थालाई थाहा नहुने बताए।

संस्थाले केही समय अघि गरेको कर्मचारी बढुवाको विषयमा पनि व्यापक विरोध भएपछि बढुवाको विधि परिवर्तन गर्न बाध्य भएको थियो। संस्थाले हालै मात्र पाँच सय बढी कर्मचारी नियुक्त गरेको थियो। उक्त विषय पनि आर्थिक चलखेलसँग जोडेर विवादित बनेको थियो।

# डिंगरनगर दूरगामी सहकारीका व्यवस्थापक प्रहरी नियन्त्रणमा

**श्रीमतीसँग कागजी (किर्ते) सम्बन्धविच्छेद गरेर उम्किन खोजेको थाहा पाएपछि बचतकर्ताहरुले बिहीबार र शुक्रबार अध्यक्ष, सचिव र व्यवस्थापकको घर घेराउ गरेका थिए।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

करोडौं रकम अपचलनको आरोप लागेका रुपन्देहीको तिलोत्तमा-३ स्थित डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सहकारीका व्यवस्थापक बसन्त पराजुलीलाई सहकारी संस्थाको कार्यालयबाटै शुक्रबार साँझ नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले बताए।

पराजुलीविरुद्ध सहकारीका शेयर सदस्य र बचतकर्ताहरुले ठगीको आरोपमा उजुरी दिएका थिए । जसमा अदालतले पक्राउ पुर्जी जारी गरेकाले पक्राउ गरी थप अनुसन्धान सुरु गरिएको रानाले बताए। पराजुलीलाई इलाका प्रहरी कार्यालयमा राखिएको छ। शनिबार भएकाले आइतबार अदालतबाट म्याद थपका लागि लगिने डीएसपी रानाले जनाए।

व्यवस्थापक पराजुलीले आफूसहित श्रीमती, छोरी र छोराको नाममा लिएको ऋण नौ करोड ५५ लाख ३० हजार अठासी रुपैयाँ देखिएको र उक्त रकम सहकारीलाई तिर्ने कबुलियतनामा २०८२ साल जेठ ५ गते गरिएको थियो । त्यसपछि उनलाई संस्थाले निलम्बन गरेको थियो । पराजुलीले तिलोत्तमाको शान्तिचोकमा खाजा खजाना होटेल तथा रेष्टुरेण्ट सञ्चालन गर्दै आएका थिए।



तमसुकमा ऋणी देखाइएका छोरी र छोरालाई नै साक्षी बसालेकोले सहकारीका अध्यक्ष र सचिवले यो कागज गराएर निलम्बित गरेका हुन् वा व्यवस्थापक पराजुलीले आफैँ गरेका हुन् भन्ने तथ्य अडिट रिपोर्टपछि मात्रै थाहा हुने प्रहरीको भनाइ छ।

उक्त सहकारीमा करिब १५ करोडदेखि २५ करोड रुपैयाँ अपचलनको आशंका गरिएको छ।

सहकारीका अध्यक्ष घनश्याम तिवरी र सचिव रामबहादुर थापा क्षेत्रीविरुद्ध पनि बचतकर्ताहरुले ठगीको उजुरी दिएका छन्। डीएसपी रानाले भने अनुसन्धान भइरहेकाले अध्यक्ष र सचिवबारे अहिले भन्न नमिल्ने बताए।

सहकारीको बचत अपचलनको तथ्य बाहिरिएपछि धेरै दिनसम्म सम्पर्कविहीन व्यवस्थापक पराजुलीले सम्पत्ति जोगाउन श्रीमतीसँग सम्बन्धविच्छेदको मुद्दा दर्ता गरेको आरोप लागेको छ।

व्यवस्थापक वसन्त पराजुली र उनकी श्रीमती बिना पराजुलीले सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन दिएका सहकारीका पीडित बचतकर्ताहरुले बताएका छन्।

अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा क्षेत्री पनि फरार छन्। बचतकर्ताहरुले अध्यक्ष र सचिवले पनि सम्पति जोगाउन व्यस्थापकले जस्तै किर्ते सम्बन्धविच्छेद गर्नस क्ने आशंका व्यक्त गर्दै त्यसो हुन नदिन दिनहुँ उनीहरुको घर घेराउ गर्न थालेका छन्।

व्यवस्थापक पराजुली सम्पर्कविहीन भएकै अवस्थामा पराजुलीकी श्रीमती बिना पराजुलीले बुधबार जिल्ला अदालत रूपन्देहीमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गरेकी थिइन् । आफ्नो नाममा रहेको जायजेथा समेत तानिने डरले उनीहरूले सम्बन्धविच्छेदको लागि अदालतमा निवेदन दिएको भन्दै बचतकर्ताहरूले बिहीबार र शुक्रबार व्यवस्थापक, अध्यक्ष र सचिवको घर घेराउ गरेका थिए।

सम्बन्धविच्छेदको मुद्दा दायर गरेको सूचना पाएका बचतकर्ताहरूले पराजुली र सहकारीको कार्यालयमा घेराउ गरेपछि निवेदक बिना पराजुलीलाई समेत निगरानीमा राखिएको प्रहरीले जनाएको छ । बिनाले बुधबार जिल्ला अदालत रूपन्देहीमा सम्बन्धविच्छेदका लागि दर्ता गरेको निवेदनको रेकर्ड (रेकर्ड नम्बर ६७-०८१-०८२०३) मा सम्बन्धविच्छेद (सरल मार्ग) उल्लेख छ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# लुम्बिनी संरक्षण अभियान

बुद्ध जन्मस्थल लुम्बिनी युनेस्कोको सम्भावित खतराको सूचीबाट तत्कालका लागि हट्नु सकारात्मक छ । फ्रान्सको पेरिसमा जारी युनेस्को वल्र्ड हेरिटेज कमिटीको ४७ औं सेसनले तत्कालका लागि लुम्बिनीलाई खतराको सूचीमा नराख्ने निर्णय गरेको छ ।

संरक्षणमैत्री र सुधारका काम भइरहेको जानकारी गराउँदै आश्वस्त पारेपछि युनेस्कोले एक वर्षका लागि खतराको सूचीमा नराख्ने निर्णय गरेको हो । यो निर्णयसँगै लुम्बिनीको अध्ययन गर्न एक मिशन पठाउने र त्यसले दिने प्रतिवेदनका आधारमा आगामी दिनमा निर्णय लिने युनेस्कोले जनाएको छ । बुद्ध जन्मस्थल लुम्बिनीको संरक्षणमा चालिएका कदम पर्याप्त छैनन् । बढ्दो औद्योगिक प्रदूषण नियन्त्रण गर्न चासो नदिदा पुरातात्विक संरचना जोखिममा पर्न थालेको विज्ञहरुको चेतावनीलाई गम्भीर रूपमा नलिनु कमजोरी हो । संरक्षणका लागि चाल्नुपर्ने कदम कठोर ढंगले नचाल्ने हो भने लुम्बिनी पुनः सम्भावित खतराको सूची हुँदै खतराको सूचीमा झर्ने जोखिम छ । यो जोखिमलाई रोक्ने उपाय हो राज्य संयन्त्रलाई संरक्षणमा प्रयोग गर्ने र समुदायको सहभागितामा संरक्षणलाई प्रभावकारी बनाउने ।

नेपालको प्राथमिकता अब लुम्बिनीलाई खतराको सूचीबाट जोगाउने र तिलौराकोटलाई सम्पदा सूचीमा पार्न लविङ गर्नुपर्छ । बुद्धले २९ वर्ष बिताएको प्राचीन शाक्य गणराज्यको राजधानी शहर तिलौराकोट दरबार क्षेत्र विश्व सम्पदा सूचीमा पर्ने चर्चा यसपाली निर्णयमा पुग्न सकेन् । युनेस्कोले सन् १९९६ मै तिलौराकोटलाई सम्भावित विश्व सम्पदा सूचीमा राखेको थियो । अन्तिम मनोनयन दस्ताबेज विश्व सम्पदा केन्द्रको केन्द्रीय कार्यालयमा औपचारिक रुपमा पेश भएसँगै तिलौराकोट विश्व सम्पदा सूचीमा पर्ने अपेक्षा गरिएको थियो । कपिलवस्तु खुला संग्रहालय हो । पुरातत्व विभागले तिलौराकोटलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेपश्चात् कुदान, गोटिहवा, निग्लीहवा, अरौराकोट, सगरहवा र सिसनियालाई संरक्षित स्मारक क्षेत्र घोषणा गरी संरक्षणको कामलाई अघि बढाएको छ । तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न केही वर्षदेखि गरेको प्रयासलाई निरन्तर अघि बढाउन आवश्यक छ । सन् २०१४ सालदेखि तिलौराकोटको उत्खनन् तथा अन्वेषण भइरहेको छ, अहिलेसम्मको उत्खनन्बाट तिलौराकोट दरबार बुद्धकालीन समयभन्दा तीनसय वर्षअघि नै व्यवस्थित शहर रहेको तथ्य भेटिएकोले महत्वपूर्ण सम्पदास्थल हो भन्ने पुष्टि भएको छ ।

उत्खनन् र संरक्षणमा राज्यले पछिल्ला वर्ष चालेका कदम सकारात्मक छन् । सम्पदा संरक्षण भावी पुस्तको लागि अमूल्य सम्पत्ति हो । तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आगामी दिनमा सार्थक पहल हुनुपर्छ । छिमेकी मुलुकसँग सहज सम्बन्ध विकास गरी उनीहरुको सहयोग पनि अर्थपूर्ण हुन्छ भन्ने बुझ्नुपर्छ ।

# खर्क नीति संशोधनको प्रतीक्षा




*नेपालको बहुमूल्य स्रोतसाधन खर्कमा पाइने भए पनि उचित व्यवस्थापन हुन नसक्दा भनेअनुसारको आम्दानी लिन सकिएको छैन । खर्कमा बहुमूल्य जडीबुटी, चरिचरन क्षेत्र छन् । ती स्रोतसाधनको उचित परिचालन हामीले गर्न सकेका छैनौँ । विगतमा हिमाली क्षेत्रमा पशुपालन व्यवसाय धेरै भए पनि अहिले घट्दो क्रममा रहेको बताइन्छ । हामीसँग भएका खर्कको उचित संरक्षण र उपयोग गरी फाइदा उठाउन सकिने अथाह सम्भावना भएकाले विद्यमान खर्क ऐन २०६८ को अविलम्ब संशोधन गर्नेतर्फ राज्यको सहयोग निजी क्षेत्रले खोजेको छ ।*

हिमाली, पहाडी र चुरे क्षेत्रमा जन्मीहुर्की खाइखेली गरेकालाई 'खर्क' भन्ने शब्द नौलो होइन अर्थात् खर्क भन्ने शब्द यी भौगोलिक क्षेत्रमा बस्नेका लागि दैनिक जीवनसँग जोडिएको विषय हो । खर्क हिमाली, पहाडी र चुरे क्षेत्रका बासिन्दाको जीवनयापनको आधार पनि हो ।

गाई, भैंसी, बाख्रालगायत चौपाय लगेर चराउने र कतिपय ठाउँमा त पशुपालनका लागि गोठसमेत रहेको ठाउँ नै खर्क हो । खर्क भन्ने शब्दले हिमाली, पहाडी, चुरे क्षेत्रका उच्चस्थानमा रहेका हरिया चाक्ला परेका डाँडा, मैदान, डोल, चौरसमेतलाई परिचित गराउँछ । नेपाली शब्द कोषमा खर्क भन्नाले गाईवस्तुको गोठ राख्न र तिनीहरूलाई चराउन राखिएको बाँझो रैकर जग्गा भनी परिभाषित गरिएको छ ।

आममानिसको जीवनसँग जोडिएको खर्कको महत्व र उपादेयतालाई मनन गरी नेपाल सरकारले खर्कहरूको स्तरोन्नति गरी उत्पादकत्व वृद्धि गर्ने, खर्कमा आधारित उद्यम व्यवसायको विकास एवं विस्तार गर्ने, खर्कको जैविक विविधताको संरक्षण, संवर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने उद्देश्यले सरकारले खर्क नीति २०६८ तयार गरी सोही सालको चैत २८ गते स्वीकृत गरेको थियो ।

आज हामीसँग भएका खर्क वातावरणीय प्रभाव, मानिस तथा पशुको बढ्दो चाप, प्राकृतिक प्रकोप तथा अवैज्ञानिक विकास योजनालगायतबाट सङ्कटमा जानेतर्फ उद्यत देखिन्छन् भने जुन उद्देश्यले नीति ल्याइएको थियो तदनुरूप प्रगति भएको आभास हुन सकेको छैन ।

खर्कहरूको स्थितिका सम्बन्धमा उक्त नीतिमा भनिएको छ, देशभित्रका संरक्षित क्षेत्रमा रहेको कुल खर्कको करिब २७ प्रतिशत भूभाग समेत निकुञ्ज आसपासका समुदाय, अव्यवस्थित चरिचरन र बढ्दो पर्यटन व्यवसायको कारण जोखिममा छ । विषम भौगोलिक अवस्थिति, कमजोर व्यवस्थापन, मानिस तथा पशुको बढ्दो चापका कारण खर्कको अवस्था दिनानुदिन खस्कँदो छ । खर्कमा उत्पादन हुने घाँसमध्ये केवल ३७ प्रतिशत मात्रै पशुले उपयोग गर्न पाएका छन् । स्थानीय समुदायले आफ्ना पशु खर्कमा सामूहिक रूपमा चरिचरन गराउने गरे पनि खर्कको स्वामित्व सरकारमा रहेको तर उपभोग स्थानीय समुदायबाट हुने गरेकाले खर्क व्यवस्थापनको अन्योल कायमै छ ।

नीतिले औँल्याएका चुनौती तथा समस्या सम्बन्धमा भनिएको छ, बढ्दो जनसंख्या, भूक्षय, अव्यवस्थित चरिचरन, डढेलो र खोरिया फँडानीका कारण खास गरी हिमाली क्षेत्रमा अवस्थित जैविक विविधतामा निकै क्षति पुगेको छ भने खर्कको क्षेत्रफल तथा उत्पादन पनि क्रमिक रूपमा घट्दै गएको छ । खर्क व्यवस्थापनमा परम्परागत संस्था, विधि र तौरतरिका मासिँदै गएको तथा वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन नभइसकेको अवस्थामा तिनको दिगो व्यवस्थापन निकै चूनौतीपूर्ण देखिएको छ । जलवायु परिवर्तनका कारण विश्व तापमानको वृद्धिबाट भइरहेको असरबाट खर्कहरूको उत्पादन तथा उत्पादकत्वमा ह्रास आएको छ । खर्कको विषम अवस्थिति, खर्क व्यवस्थापनका लागि स्रोत अभाव, खर्कजन्य स्रोतको अनियन्त्रित दोहन, खर्कको व्यवस्थापन स्वामित्वको अस्पटता, खर्क व्यवस्थापनसम्बन्धी प्रविधि विकास तथा प्रसारको सीमितता, खर्क विकास राष्ट्रिय प्राथमिकतामा नपर्नु, खर्क विकासमा सम्बद्ध समुदाय एवं सरोकारवालाको संस्थागत सञ्जालको अभाव रहेको नीतिमा औँल्याइएको छ ।

नेपालको करिब ३३ लाख हेक्टर चरनयोग्य भूमिमध्ये झन्डै ८० प्रतिशत भूमि गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली जिल्लामा (गोर्खा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, बझाङ, बाजुरा, दार्चुला आदि) फैलिएको छ । यो भूमि भनेको खर्क क्षेत्र हो । यहाँका स्थानीय समुदाय परम्परागत रूपमा भेडा, च्याङ्ग्रा, याक र चौँरी पालनमा आधारित छन् । यिनै पशुहरूबाट प्राप्त हुने ऊन, पस्मिना, छुर्पी, मासु, मल, छाला आदि उत्पादनलाई प्रयोग गरी नेपालमा उच्चस्तरीय वस्त्र पस्मिना, गलैंचा, फेल्ट तथा तयारी पोसाक उत्पादन हुँदै आएको छ ।

हालको कृषि प्रणाली अझै निर्वाहमुखी छ । प्रविधि र बजारमैत्री नभएको र व्यावसायिक रूपान्तरणमा ढिलाइ भएको छ । समग्रमा भन्दा सरकारको खर्क नीति २०६८ कार्यान्वयनमा कमजोर देखिएको छ । नीतिमा निजी क्षेत्रसँगको सहकार्य अपर्याप्त रहेको ठम्याइ यससँग जोडिएका निजी क्षेत्रको छ ।

यसका समस्या विश्लेषण गर्दा मूलतः चरनयोग्य भूमि (खर्क) विभिन्न निकाय-निकुञ्ज, सामुदायिक वन, पर्यटन, भूगर्भ तथा खानी, उड्डयन, उद्योग, कृषि, उड्डयन आदि अन्तर्गत परेका कारण पशुपालक तथा व्यवसायीको निर्वाध पहुँच अवरुद्ध भएको छ । नीति कार्यान्वयन गर्ने संस्थागत संरचना, जिम्मेवारी, तथा तालमेल संयन्त्रको अभाव छ । बजार ग्यारेन्टी, मूल्य शृंखला, वित्तीय पहुँच, बिमा, प्रविधि, विज्ञ जनशक्ति, गोठालो व्यवस्थापन, तालिम आदि संरचना अझै स्थापना भएको छैन । तीन तहको सरकार, चार, पाँच मन्त्रालय (कृषि, वन, उद्योग, पर्यटन, नागरिक उड्डयन) तथा व्यवसायी र कृषकबिच नीति समन्वयको स्पष्ट संयन्त्रको अभाव देखिन्छ ।

उपरोक्त समस्या चिर्दै विद्यमान खर्कको उचित व्यवस्थापन र निजी क्षेत्रसँग सहकार्य गरेर यसको सही सदुपयोग गर्न सक्यौँ भने सिङ्गो मुलुक नै लाभान्वित हुन सक्छ । आमनेपालीको जीवनयापन माथि उठ्न सक्छ । मुलुकका लागि यो अवसर पनि हो । खर्कको उचित उपभोग गर्न सकियो भने पस्मिना, ऊन, छुर्पी, मल, छाला, अर्गानिक बालीहरू जस्तो स्याउ, फापर, आलु, सिमी, उवा आदिको राम्रो उत्पादन गर्न सकिने प्रशस्त सम्भावना छ । यी वस्तुको आन्तरिक खपतका साथै अन्तर्राष्ट्रिय बजार पनि निकै ठुलो छ ।

खर्कमा पशुपालनलाई उच्च प्राथमिकता लिएर च्याङ्ग्रा भेडा पालन गर्ने र त्यसबाट उत्पादन हुने ऊन पस्मिना, गलैंचा, फेल्ट, स्विटर, पोसाक उद्योगका लागि कच्चा पदार्थ हुने र व्यवसायी ती कच्चा पदार्थ खरिदका लागि आपसी सहमती गरेर अगाडि बढ्न तयार छन् । नेपालमा बर्सेनि ४० अर्बभन्दा बढीको पस्मिना तथा ऊनी उत्पादन तथा तीनको कच्चा पदार्थ आयात हुने गरेकोमा त्यसलाई प्रतिस्थापन गरी आत्मनिर्भरता कायम गर्न सहयोग पुग्ने छ । समग्रमा कृषि पर्यटन र हिमाली जीवनशैलीको प्रवर्धनसहित खेतदेखि धागो, धागोदेखि फेसनसम्म 'फार्म टु फाइबर टु फेसन' अवधारणा कार्यान्वयन गर्न सकिने ठुलो सम्भावना छ ।

खर्क नीति आएको पनि लामो समय भयो । अहिले मुलुकमा तीन तहको सरकार छ । खर्क नीति नेपालको नयाँ संविधान जारीपूर्व नै आएको हो । अहिले संविधानत तीन तहका सरकार छन् र एकअर्काबिच समन्वयको अभाव छ । जसका कारण उक्त नीतिबाट हाम्रा सम्भाव्यता र समार्थ्यको उचित उपयोगमार्फत् लाभ उठाउन सकिएको छैन । निजी क्षेत्रले खर्क नीति २०६८ लाई समयानुकूल संशोधन गरिनुपर्ने कुरालाई निरन्तर रूपमा उठाउँदै आएको छ । हाल विद्यमान खर्क नीति २०६८ संशोधन गरी उक्त नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजान र त्यसबाट मुलुकले उचित लाभ उठाउन निजी क्षेत्रका केही सुझाव रहेका छन् । यसलाई यथाशीघ्र संशोधनको प्रक्रियामा अगाडि बढाउनुपर्ने जोड निजी क्षेत्रको छ ।

खर्क नीतिलाई जीवन्त बनाउन केही विषय यसमा थप गरिनुपर्ने राय निजी क्षेत्रको छ । जस्तो नीतिमा च्याङ्ग्रा जोन घोषणा र पकेट क्षेत्र विकास गर्ने कुरा समावेश गरिनुपर्ने र जसअन्तर्गत मनाङ, मुस्ताङ, डोल्पा, मुगु, जुम्ला, हुम्ला, बझाङ, बाजुरा, दार्चुलालगायतका जिल्लालाई 'च्याङ्ग्रा जोन' घोषणा गरी विशेष नीति, योजना, लगानी र पूर्वाधार विकासमा प्राथमिकता दिनुपर्ने सुझाव छ । यस्ता क्षेत्रमा पशुपालकका लागि घुम्ती गोठ, चरन पथ सुधार, घाँस खेती, सिँचाइ, हिउँदे घाँस/दानाको ढुवानी सहजीकरण, प्राकृतिक बालीको खेती (स्याउ, उवा, सिमी, फापर) सँग पशुपालनको एकीकृत कार्यक्रम ल्याउन आवश्यक छ । यसो भयो भने खर्क क्षेत्र र आसपास बस्ने मानिस पशुपालनतर्फ आकर्षित गराई त्यसबाट उनीहरूको आयआर्जन र रोजगारी प्राप्तिमा पनि सहयोग पुग्न जाने छ ।

माथिका सुझावलाई थप प्रभावकारी बनाउन र स्थानीय जनतालाई पशुपालनमा आकर्षित गर्न एक पालिका, एक साझा सुविधा केन्द्र (कमन फेसलीटी सेन्टर) खडा गरी सोही केन्द्रमार्फत पशु प्रजनन्, आहार व्यवस्थापन, औषधी, उपचार, पशु बिमा, गोठालो व्यवस्थापन, तालिम, प्याकेजिङ, मूल्य परीक्षण, ब्रान्डिङ, बजार ग्यारेन्टी प्रणाली सुविधाहरू दिन आवश्यक छ । अर्को पशु बैङ्क कार्यक्रम समावेश गर्ने जसबाट उन्नत जातका च्याङ्ग्रा/भेडा वितरण गर्ने, डिजिटल ट्र्याकिङ प्रणाली कायम गर्ने, निःशुल्क उपचार सेवा, प्राविधिक सहयोग उपलब्ध गराउने विषय नयाँ नीतिमा समावेश गरिनुपर्ने सुझाव निजी क्षेत्रको छ ।

अत्याधुनिक मिल र प्रशोधन केन्द्र स्थापनाको व्यवस्था गर्ने, सदरमुकाम र काठमाडौँमा स्पिनिङ, डाइङ, फिनिसिङ, टेस्टिङ, उत्पादन, उत्पादन मूल्य शृंखलालाई स्वदेशमै पूर्णता दिने, उत्पादनलाई हिमालयन च्याङ्ग्रा पस्मिना ब्रान्ड अन्तर्गत निर्यात प्रवर्धन आदि सेवा दिने अत्याधुनिक मिल स्थापना गर्नुपर्ने सुझाव छ । अर्को वित्तीय पहुँच र सहुलियत अन्तर्गत सहुलियतपूर्ण कृषि/पशुपालन कर्जा, पशु तथा गोठालो बिमा कार्यक्रम, सिप विकास तालिम, नवप्रवर्तन अनुदानको व्यवस्था गरिनु पर्छ ।

सार्वजनिक-निजी सहकार्य संयन्त्रअन्तर्गत निजी उद्योग पस्मिना, गलैंचा, फेल्ट, स्विटर आदिसँग सहकार्य सहमति गरी बजार ग्यारेन्टी दिने, सरकार, उद्योगी, सहकारी र कृषकबिच सशक्त संयन्त्र बनाएर नीति निर्माणदेखि कार्यान्वयनसम्म संयुक्त जिम्मेवारी प्रणाली स्थापित गर्ने सुविधा नीतिमा समेटिनु पर्छ ।

च्याङ्ग्रा जोन अवधारणा केवल चरन भूमि व्यवस्थापन होइन-राष्ट्रिय उत्पादन, आत्मनिर्भरता, निर्यात वृद्धि र व्यापार घाटा न्यूनीकरणको ऐतिहासिक अवसर पनि हो । सरकार, निजी क्षेत्र र समुदायबिचको समन्वयमा आधारित १० बर्से कार्य योजना, 'एक पालिका-एक केन्द्र' तथा उच्च हिमाली क्षेत्रलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरियो भने वार्षिक १० अर्बको आयात प्रतिस्थापन हुने छ । पाँच वर्षभित्र १०० अर्बको निर्यात सम्भावना देखिन्छ । रोजगारी सिर्जना, युवा उद्यम वृद्धि गर्न सकिन्छ । पशुजन्य मल र अर्गानिक बाली विस्तारको अवसरका साथै 'फार्म टु फाइबर टु फेसन' राष्ट्रिय पहिचानको स्थापना गर्न सकिने बलियो सम्भावना छ । यसले खर्कहरूको सही संरक्षण र सदुपयोगमार्फत् सिङ्गो मुलुक नै लाभान्वित हुन सक्छ ।

नेपालको बहुमूल्य स्रोतसाधन खर्कमा पाइने भए पनि उचित व्यवस्थापन हुन नसक्दा भने अनुसारको आम्दानी लिन सकिएको छैन । खर्कमा बहुमूल्य जडीबुटी, चरिचरण क्षेत्र छन् । ती स्रोतसाधनको उचित परिचालन हामीले गर्न सकेका छैनौँ । विगतमा हिमाली क्षेत्रमा पशुपालन व्यवसाय धेरै भए पनि अहिले घट्दो क्रममा रहेको बताइन्छ । हामीसँग भएका खर्कको उचित संरक्षण र उपयोग गरी फाइदा उठाउन सकिने अथाह सम्भावना भएकाले विद्यमान खर्क ऐन २०६८ को अविलम्ब संशोधन गर्नेतर्फ राज्यको सहयोग निजी क्षेत्रले खोजेको छ । खर्कको बहुआयामिक फाइदा छ । समय अनुरूप खर्क नीति संशोधन गरी भएका खर्कको सही सदुपयोग गर्न सके समृद्धि खोज्न हामी कतै भौँतारिनु पर्दैन । गोपबाट

# वर्षा ऋतुमा कस्तो हुनुपर्छ खानपान र जीवनशैली ?

**डा. दिपेन देवकोटा**

वर्षा ऋतु असारदेखि भदौसम्म हुन्छ । आयुर्वेद अनुसार यो समय शरीरमा विभिन्न परिवर्तन हुन्छन् । यस समयमा हल्का र सुपाच्य खानपान र नियमित स्वच्छता र व्यायाम आवश्यक हुन्छ । घरेलु उपाय र सावधानी अपनाएर वर्षा ऋतुमा स्वास्थ्य र रोगप्रतिरोधक क्षमता बढाउन सकिन्छ । वर्षा ऋतुले असारदेखि भदौसम्म नेपाललगायत भारतीय उपमहाद्वीपलाई शोभायमान बनाउँछ । आयुर्वेदअनुसार, वर्षा ऋतु पानी तथा वायु तत्वसँग सम्बन्धित छ । यो समय पोषण र रूपान्तरणको समय हो । यो मानिन्छ कि यस ऋतुमा, वायुमण्डल र वातावरणका गुणहरूमा उल्लेखनीय परिवर्तन आउँछ, जसले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यलाई असर गर्न सक्छ ।

यस ऋतुलाई शुद्धीकरण र विषाक्त पदार्थहरू हटाउने अवधि मानिन्छ किनकि वर्षालाई प्राकृतिक सफाइकर्ताको रूपमा हेरिन्छ, जसले वायुमण्डल र पृथ्वीबाट विषाक्त पदार्थ र अशुद्धताहरू धोइदिन्छ । नेपालमा सामान्यतया ६ वटा ऋतुहरू छन् । आयुर्वेद विज्ञानमा दिनचर्या तथा ऋतुचर्याको विशेष चर्चा गरेको पाइन्छ । हरेक ऋतुमा पृथक-पृथक आहार-बिहार तथा जीवनशैलीको वर्णन पाइन्छ । वर्षा ऋतु, अर्थात् झरी पर्ने समय, जुन प्रायः असारदेखि भदौसम्मको समय पर्दछ, यो ऋतु हाम्रो शरीरका लागि निकै संवेदनशील समय मानिन्छ । आयुर्वेद अनुसार, यो समयमा वातावरण चिसो र ओसिलो हुन्छ, जुन शरीरमा वात दोषलाई असन्तुलित पार्ने प्रमुख कारण बन्न सक्दछ ।

यसका साथै, गर्मी सक्किएर चिसो सुरु हुने बेलामा हाम्रो पाचनशक्ति पनि कमजोर हुन्छ, जसलाई आयुर्वेदमा 'मन्दाग्नि भनिन्छ । त्यसैले झरीको मौसममा खाना राम्रोसँग नपच्ने, ग्यास, अपच, जोर्नी दुख्ने, थकान, आलस्यता, चर्म रोग, रुघाखोकी तथा अन्य समस्याहरू देखा पर्न सक्छन् । त्यसैले, आयुर्वेदले वर्षा ऋतुमा विशेष ख्याल गर्नुपर्ने कुरामा जोड दिन्छ । यस समयमा शरीरलाई सन्तुलनमा राख्न आहार बिहार, निन्द्रा, व्यायाम र सोचाइमा विशेष ध्यान दिनुपर्छ । यी सबै कुराहरूलाइ ध्यान दिदै ऋतु अनुसार चल्नुलाई नै आयुर्वेदमा ऋतुचर्या भनिन्छ ।

**वर्षा ऋतुमा कस्तो खाना खाने ?**

झरीको मौसममा धेरै चिल्लो, मसलेदार, अमिलो वा चिसो खानेकुरा हाम्रो शरीरका लागि राम्रो होइन । त्यसैले वर्षा ऋतुमा हल्का र सुपाच्य खाना खानुपर्छ । मधुर, अम्ल, लवण र स्निग्ध प्रधान आहारको प्रयोग गर्नु उत्तम मानिन्छ । अन्नजस्तै पुरानो जौ, गहुँ र साली धानका परिकारबाट बनेका खानेकुरा खानु राम्रो हुन्छ । त्यसैगरी जमिनका जनावरहरूको मासु तथा मसलाले प्रशोधित मासुको रस, खिचडी, तातो दालभात, दालको सुप, अंगुरबाट तयार पारिएको वाइन, मकैको रोटी, तातो झोल भएको तरकारी, सागपात जस्ता खाना उपयुक्त हुन्छन् । तातोपानी पिउने बानी राम्रो हुन्छ । काँचो दूध, दही, चिउरा, आइसक्रिम, चिसो पेय पदार्थहरू यस समयमा नखानु बेस हुन्छ, किनभने यस्ता खानेकुराले ग्यास, अपचका साथै वात र कफको समस्या बढाउँछ । खानामा तिलको तेल, अदुवा, जिरा, हिंग, बेसार, मरिच आदि प्रयोग गर्नु राम्रो हुन्छ, जसले पाचन शक्ति बलियो बनाउँछ र वात तथा कफलाई सन्तुलनमा राख्छ । जति सकिन्छ तातो खाना, समयमै र सानो परिमाणमा खानु उत्तम हुन्छ ।

**बिहानदेखि रातिसम्म के–के गर्ने ?**

वर्षा ऋतुमा बिहान चाँडै उठ्नु राम्रो मानिन्छ । शरीरमा तेलको मालिस गर्नाले रक्तसञ्चार राम्रो हुन्छ र जोर्नी दुख्ने समस्या कम हुन्छ । तिलको तेलले मालिस गरेर न्यानो पानीले नुहाउनु राम्रो हुन्छ । त्यसपछि हल्का व्यायाम वा योग गर्न सकिन्छ, जस्तै बज्रासन, त्रिकोणासन वा शवासन । गम्भीर व्यायाम, अति मैथुन वा धेरै दौडधूप गर्नुहुँदैन, किनभने पाचन शक्ति कमजोर हुन्छ ।

बिहानको समयमा नाकमा २-२ थोपा तिलको तेल वा अणु तेल हाल्नाले चिसो लाग्ने, टाउको दुख्ने वा एलर्जी हुने समस्याबाट जोगिन सकिन्छ । चिसोबाट बच्न न्यानो हलुका कपडा लगाउने, शरीर सुकाएर राख्ने बानी अपनाउनु आवश्यक हुन्छ । वर्षा ऋतुमा दिनको समयमा सुत्नु राम्रो होइन, यसले पाचन प्रणाली झन् कमजोर बनाउँछ । रातको समयमा हल्का खाना खानुपर्छ । खाएर तुरुन्त सुत्नु हुँदैन, कम्तीमा २ घण्टा पर्खिनु राम्रो हुन्छ । ओछ्यान सफा र आरामदायी बनाउपर्छ । ढाड दुख्ने वा चिसकक लाग्ने समस्या नहोस् भनेर शरीर ढाकेर सुत्नुपर्छ ।

**प्राकृतिक उपचार र घरेलु उपाय**

वर्षा ऋतुमा रोगप्रतिरोधात्मक शक्ति घट्ने भएकाले केही आयुर्वेदिक औषधिहरू नियमित रूपमा सेवन गर्दा राम्रो हुन्छ । त्रिफला, गुडुची (गिलोय), हरितकी, दशमूल, हिंगवाष्टक चूर्ण आदि पाचन सुधार्न र रोग प्रतिरोधात्मक शक्ति बढाउन सहयोगी हुन्छन् । घरेलु रूपमा अदुवा र मह, तुलसीको पात, बेसार पानी, मरिच आदि प्रयोग गर्न सकिन्छ । दिनको एकपटक तातोपानीमा तुलसी, अदुवा र मरिच उमालेर पिउनाले रुघा, खोकी र संक्रमणबाट जोगिन सकिन्छ ।

**पानी, वातावरण र हाम्रो व्यवहार**

झरीमा पानी पिउँदा पनि विशेष सावधानी अपनाउनुपर्छ । सकेसम्म उमालेर सेलाएको मनतातो पानी पिउनुपर्छ । खोला, ट्यांकी वा हिलोमाटो मिसिएको पानी पिउनुहुँदैन । साथै, पानीमा हिँड्नु, भिज्नु वा धेरै चिसो ठाउँमा बस्नाले शरीरमा रोग उत्तपन्न गर्न सक्छ । कपडा भिजेको भए तुरुन्त सुकाउनुपर्छ । झरी वा भिज्नबाट आफूलाई बचाउन बाहिर निस्कँदा छाता बोक्नुहोस् वा रेनकोट लगाउनु उपयुक्त हुन्छ । घर वरिपरि सफा राख्नु, फोहोर जम्मा हुन नदिनु, पानी जम्न नदिनु, झाडी फैलिन नदिनु निकै जरुरी हुन्छ । नियमित रूपमा साबुन पानीले हात धुनु, विशेष गरी खाना खानु अघि र आफ्नो वरपर सफा राख्नाले रोगहरूको संक्रमण रोक्न मद्दत गर्न सक्छ । धेरै परिश्रम गर्ने र लामो समय घाममा बस्ने जस्ता कुराहरूबाट बच्नु पनि आवश्यक हुन्छ ।

**मानसिक र भावनात्मक स्वास्थ्य**

वर्षा ऋतुमा सूर्यको प्रकाश कम हुने र वातको प्रकोप हुने हुनाले केही मानिसहरूमा मानसिक थकान, चिडचिडापन वा उदासीको भावना आउन सक्छ । त्यसैले सकारात्मक सोच राख्न, हाँसखेलमा संलग्न हुन, ध्यान र योग गर्न, संगीत सुन्ने वा मनपर्ने किताब पढ्नु राम्रो उपाय हुनसक्छ ।

**बालबालिका, वृद्ध र रोगीहरूका लागि सल्लाह**

बच्चा, वृद्ध र पहिले नै बिरामी भएका व्यक्तिहरूका लागि वर्षा ऋतुमा विशेष ख्याल गर्नुपर्छ । उनीहरूलाई न्यानो राख्ने, तातो खाना दिने, चिसोबाट बचाउने र नियमित तेल मालिस गर्ने गर्दा रोग प्रतिरोधक क्षमता बढ्छ । कुनै पनि औषधि प्रयोग गर्दा पहिले चिकित्सकसँग सल्लाह लिनु जरुरी हुन्छ ।

वर्षा ऋतु प्राकृतिक रूपमा रमाइलो समय भए पनि शरीरका लागि चुनौतीपूर्ण हुन्छ । यदि हामीले आयुर्वेदले बताएको अनुसार समयअनुकूल जीवनशैली अपनायौं भने वर्षा ऋतुमा पनि स्वस्थ, उर्जावान र रोगमुक्त जीवन बिताउन सकिन्छ । सस्तो, सजिलो र घरेलु उपायहरू अपनाएर आयुर्वेदिक ऋतुचर्या अनुसार चल्दा शरीर आफैंले रोगसँग लड्ने शक्ति प्राप्त गर्छ ।



*राउटे समुदाय*

सुर्खेतको लेकवेसी नगरपालिका-१०, झुप्राखोलामा बसेका घुमन्ते जीवन बिताइरहेका राउटे समुदाय। लोपोन्मुख राउटे समुदाय दैलेख, सुर्खेत, दाङ, सल्यान, अछाम, कालीकोट, जाजरकोटलगायत जिल्लामा बसोबासका लागि डुलिरहन्छन्। तस्विरः सुरेश आचार्य/रासस

# रामपुरका तीन सय ८९ योजना सम्पन्न



पाल्पा। रामपुर नगरपालिका पाल्पाले यस आर्थिक वर्षमा ३८९ वटा योजना सम्पन्न गरेको छ। चालु आवमा नगरपालिकाको ४०३ वटा योजना रहेकामध्ये ३८९ वटा योजना सम्पन्न भएको योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए।

नौवटा सम्झौता नभएको र पाँचवटा सम्झौता भए पनि काम नभएको योजना शाखा प्रमुख बस्नेतले बताए। ठेक्का प्रक्रिया र उपभोक्तामार्फत् हुने योजना समयमै सुरु भई सम्पन्न भएका कारण यस वर्ष योजनाका काम छिटो सम्पन्न भएका हुन्।

नगरपालिकाभित्र सञ्चालन हुने योजनाको अनुगमन र ताकेताका कारण पनि धेरै योजना तथा कार्यक्रम सम्पन्न भएको नगरपालिकाले जनाएको छ।

नगरवासीको सेवा सहजताका लागि घुम्ती शिविरमार्फत् योजना सम्झौता, खाता खोल्ने र भुक्तानीको व्यवस्था गरेको र वडावडामै प्राविधिक कर्मचारीको व्यवस्था गरेका कारण धेरै योजना तथा कार्यक्रम सम्पन्न भएको नगर प्रमुख रमणबहादुर थापाले बताए।

योजना कार्यान्वयनका लागि सहजीकरण गरेका कारण पनि ठेक्कामार्फत भएका योजना सहज रूपमा समयमै सम्पन्न भएका छन्।

# बर्सातका कारण सुनसान बने 'होमस्टे'

ढोरपाटन । बागलुङमा सबैभन्दा बढी चर्चित छ भकुण्डेको अतिथि सत्कार घरबास (होम-स्टे) खासगरी हिमश्रृंखला अवलोकन गर्न र ग्रामीण जीवनशैलीको अनुभूति गर्न पर्यटक भकुण्डे पुग्ने गर्छन्।

बागलुङ नगरपालिका-१० मा पर्ने उक्त घरबासमा गत जेठ अन्तिम सातासम्म आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल निकै थियो तर वर्षाका कारण सडक बिग्रिँदा यति बेला ती घरबास सुनसान भएका छन्।

घरबासमा पाहुना आउन छोडेपछि स्थानीय बारीको काममा व्यस्त छन्। भकुण्डे गाउँका स्थानीयले १५ घरमा घरबास सञ्चालन गरेका छन्। हिउँदको समयमा सडक यात्रा सहज हुँदा पर्यटकको चहलपहल बढ्ने तर बर्खाको करिब चार महिना ठप्प हुने घरबास सञ्चालक यमबहादुर थापाले बताए। व्यावसायिक रूपमा सञ्चालन गरेको घरबासमा बाह्रै महिना पाहुना नआउँदा उत्पादन खेर जाने गरेको उनको भनाइ छ।

थापाले भने-"बागलुङ बजारदेखि यहाँ (भकुण्डे गाउँ)मा आउने सडक राम्रो हुन्थ्यो भने बाह्रै महिना एकैनासले पाहुना आउने थिए, अलि ठूलो वर्षा हुँदा बित्तिकै सडकमा गाडी गुड्न छोड्छन्, अहिले मान्छेहरू पैदलयात्रा गर्न खासै रुचाउँदैनन्, राज्यले यति सडकलाई व्यवस्थित गरिदिए घरबास सञ्चालनसहित सिंगो गाउँलेलाई सामान ढुवानी र यात्रा गर्न सहज हुने थियो।"

अब असोज कात्तिकतिर मात्रै पाहुनाको चहलपहल हुने थापाले बताए। यतिबेला घरबास सञ्चालक कोदो रोप्ने, आलु खन्ने काममा लागेको उनको भनाइ छ। जिल्ला सदरमुकाम बागलुङ बजारदेखि नजिकै रहेको भकुण्डेमा गाडीमा एक घण्टा र पैदलयात्रा गर्दा करिब साढे एक घण्टामा पुग्न सकिन्छ।

काठेखोला गाउँपालिका-३ धम्जास्थित बेलढुंगा सामुदायिक घरबास पनि सुनसान बनेको छ। असार पहिलो सातादेखि पाउना आउन छोडेको सञ्चालक गोपाल श्रीसले बताए। अधिकांश पर्यटक सहरी क्षेत्रबाट आउने भन्दै बागलुङ बजारदेखि गाउँसम्म पुग्ने सडक अव्यवस्थित हुँदा पाहुन आउन नसकेको उनको भनाइ छ। कात्तिकदेखि जेठसम्म पाहुनाको चाप भई राखे पनि बर्खाको करिब चार महिना बन्द हुने श्रीसले सुनाए।

"अहिले पनि धेरै पाहुनाहरू हाम्रो सम्पर्कमा हुनुहुन्छ, आउँछौं भन्नुहुन्छ, तर सडकको दूरावस्थाका कारण ल्याउन सकेका छैनौं, गाउँको सडक अप्ठ्यारो छ, यति बेला अर्गानिक तरकारी फल्ने हो, न घरबासमा पाउन आउँछन् र खुवाउन पाइन्छ न बजारमा पठाउन सकिन्छ", श्रीसले भने-"व्यावसायिक रुपमा घरबास सञ्चालन गर्नेहरूलाई बर्खाको तीन/चार महिना घर परिवार चलाउन समस्या हुन्छ।"

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले ग्रामीण क्षेत्रसँग जोडिएका सडकलाई व्यवस्थित गरी बाह्रै महिना सहज रुपमा सञ्चालन गर्ने गरी काम गरिरहेको बताए।

गाउँपालिकाले घरबासलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रका विकास गर्ने उनको भनाइ छ। पालिकाभित्रका अझै कतिपय सडक अप्ठ्यारा रहेको हुँदा क्रमैसँग सुधार गर्दै जाने अध्यक्ष थापाले बताए।

# कालीगण्डकीको ९० प्रतिशत पुँजीगत खर्च

स्याङ्जा। स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले ९० प्रतिशतभन्दा बढी पुँजीगत खर्च गर्न सफल भएको छ। आर्थिक वर्ष २०८१/०८२ को वित्तीय प्रगति सार्वजनिक गर्दै कालीगण्डकीले ९० दशमलव ६६ प्रतिशत पुँजीगत खर्च गर्न सफल भएको जनाएको छ।

गाउँपालिकाले पुँजीगत शीर्षकमा विनियोजन गरेको कुल २८ करोड २२ लाख ६६ हजार ७ सय ५० रुपैयाँको ९० दशमलब ६६ प्रतिशतले हुने २५ करोड ५९ लाख ९ हजार ६ सय ९१ रुपैयाँ खर्च गर्न सफल भएको छ।

यस अवधिमा गाउँपालिकाले चालु शीर्षकमा विनियोजन गरेको ४० करोड ४४ लाख ९ हजार २० रुपैयाँमा ८२ दशमलब ५ प्रतिशत अर्थात् ३३ करोड ३५ लाख ८० हजार ५ सय ९४ खर्च गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले बताए।

आर्थिक वर्ष २०८१/०८२ मा कालीगण्डकी गाउँपालिकाले ६८ करोड ६६ लाख ७६ हजार ४ सय ७० रुपैयाँको कुल बजेटमध्ये समग्रमा ८५ दशमलब ८४ प्रतिशतले हुनआउने ५८ करोड ९४ लाख ९० हजार २ सय ८५ रुपैयाँ खर्च गरेको सार्वजनिक वित्तीय प्रगतिमा उल्लेख छ।

## डिंगरनगर...

बचतकर्ताहरूले सहकारीको रकम हिनामिना गरी लगेको रकम श्रीमती र उनका आफन्तहरूको नाममा समेत जम्मा गरेको र हिनामिना गरेको रकम पचाउने दाउमा कागजी सम्बन्धविच्छेद गर्न लागेको आरोप लगाएका छन्।

बचतकर्ताहरूले बिनालाई समेत नियन्त्रणमा लिएर पराजुली दम्पतीले गर्न लागेको कागजी सम्बन्धविच्छेदको निवेदन फिर्ता गर्ने सहमतिमा प्रहरीको जिम्मा लगाएका थिए।

२०५० सालमा स्थापित यो सहकारी संस्थामा हाल करिब दुई हजार सदस्य छन्। कुल ३८ करोड रुपैयाँ पुँजी रहेको सहकारी संस्थाका अध्यक्ष र सचिव मोबाइल स्विच अफ गरेर सम्पर्कविहीन छन्। उपाध्यक्ष बलराम न्यौपाने र कोषाध्यक्ष सुरेन्द्र बज्राचार्यले भने स्वतन्त्र लेखा परीक्षकले अध्ययन गरिरहेकाले सहकारीको अवस्था के हो भन्ने यकिन भएपछि मात्रै अघि बढ्ने बताउँदै आएका छन्।

सहकारीमा कुल कति रकम बचत थियो र कति सदस्य आबद्ध थिए भन्ने यकिन छैन। सञ्चालक समितिका केही पदाधिकारीका अनुसार कम्तीमा १५ करोडदेखि २५ करोड रूपैयाँसम्म हिनामिना भएको आशंका छ।

सहकारीका अध्यक्ष, सचिव, व्यवस्थापक सहित एकाध बाहेक सबै सञ्चालक सत्तारुढ दल नेपाली कांग्रेसका स्थानीय नेताहरु छन्। अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र एउटै दलका मान्छेको वर्चश्व रहेकाले मिलेमतोमा बचत अपचलन भएको बचतकर्ता चेतबहादुर बस्नेतको बुझाई छ।

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ। यो ऐन बन्नुभन्दा अगाडि पनि नेतृत्वमा दुई कार्यकालभन्दा बढी बस्नु संघीय कानुनविपरीत छ। तर स्थानीय कांग्रेस नेता तिवारी राजनीतिक शक्तिको आडमा ऐनलाई कुल्चेर यो सहकारीमा १७ वर्षदेखि अध्यक्ष पदमा थिए।

सहकारीमा बद्‌मासी भएको छनक पाएपछि करिब चारसयजना सदस्यले बचत फिर्ताका लागि सहकारीमा निवेदन दिएका छन्। निवेदनपछि सहकारी सञ्चालक समिति तथा सहकारीका केही सदस्य बसेर १९ असारदेखि सर्वसाधारणको बचत फिर्ता गर्ने सहमतिअनुसार निर्णय भएको थियो।

तर सहकारीका अध्यक्ष र सचिवले अर्को दिन उक्त सहमतिको माइन्युट नै च्यातेर फरार भएका छन्। बचतकर्ताको निवेदनपछि प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट आएको टोलीले अध्ययन अनुसन्धान गरिरहेको छ। सहकारीको रकम अध्यक्ष तिवारी र सचिव थापाले घडेरी, होटल तथा चुनढुंगा खानीमा लगानी गरेकोशेयर सदस्यहरुको दाबी छ। अध्यक्ष तिवारीले संस्थाको करिब ६ देखि ८ करोड, सचिव रामबहादुर थापाले ३ करोडभन्दा बढी रकम र सञ्चालक सदस्य सनत गौतमले १ करोड २५ लाखभन्दा बढी रकम अपचलन गरेको सहकारीकै एक पदाधिकारीको दाबी छ।

बचतकर्तालाई रकम फिर्ता दिने सहकाति र निर्णयको माइन्युट नै च्यातेर फरार भएपछि उनीहरूले अरु रकम पनि हिनामिना गरेको अनुमान छ। लेखापरीक्षकले दिने अन्तिम रिपोर्टपछि मात्र कति हिनामिना भएको यकिन हुने सहकारीका कोषाध्यक्ष सुरेन्द्र बज्राचार्यले बताए।

सहकारी ऐन, निर्देशन तथा मापदण्डअनुसार सहकारीका सञ्चालकले बचत रकमको पाँच गुणा वा बढीमा पाँच लाखमध्ये जुन कम हुन्छ सोबराबरको रकम मात्र बिनाधितो ऋण लिन सक्छन्।

यसरी बिनाधितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरूको जमानी लिनुपर्ने व्यवस्था छ।

तर यो सहकारीमा ऐनविपरीत बचत अपचलन भएको छ। सहकारीका व्यवस्थापक, अध्यक्ष र सचिवले सहकारीको सफ्ट्वेयरमा नै मिलाएर आफूखुसी बचतकर्ताको रकम दुरुपयोग गर्ने गरेको भेटिएको छ। ऋण नै नलगेका बचतकर्ताको नाममा ऋण प्रवाह गर्ने गरेको र कम रकम ऋण लगेका ऋणीका नाममा थप ऋण लगेको देखाइएको छ।

सुरुमा व्यवस्थापक वसन्त पराजुलीले रकम हिनामिना गरेको भनेर ८ करोड ५० लाखको कागज बनाएर उनलाई निलम्बन गरिएको थियो। तर थप छानबिनको विषय उठ्न थालेपछि अध्यक्ष तिवारी र सचिव थापा छानबिनका लागि सहयोग गर्नुको सट्टा बैठक छल्दै काठमाडौं गएपछि थप बद्‌मासीको आशंका भएर करिब चार सय सदस्यले बचत फिर्ताको निवेदन दिएका थिए।

यो सहकारीले मुख्यरुपमा दूध संकलन र विक्रीको कारोबार गरिरहेको छ।

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office
Pyuthan

## Invitation for Bids

**IFB No: 10/RIDOPYU/081/82**

Date of publication: July 13, 2025 (2082/03/29)

1.Road Infrastructure Development Office, Pyuthan invites electronic bids only from Nepalese eligible bidders for the Construction of Roads & Bridge Work as mentioned below under National Competitive Bidding – Single Stage Two Envelope Bidding Procedures.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Road Infrastructure Development Office, Pyuthan, email ridopyuthan@gmail.com or may visit PPMO's website: www.bolpatra.gov.np/egp.

| S. N. | Name of Works | Contract ID | Estimated Amount (Excluding VAT) | Fee of Bid Doc. (NRs.) | Required Annual Construction Turnover (NRs) | Required Bid Capacity (NRs) | Bid Validity | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Amount (NRs) | Validity |
| 1 | Lung Khola Bridge, Pyuthan | RIDOPYU /081/82/ NCB-13 | NA | 10000 | 67.29 Million | 89.72 Million | 2025-12-09 | 2550000 | 2026-01-08 |
| 2 | Upgrading of Bagdula-Machchhi Road (Jhimruk Rural Municipality Access Road), Pyuthan | RIDOPYU /081/82/ NCB-14 | NA | 5000 | 55.60 Million | 37.084 Million | 2025-12-09 | 1045000 | 2026-01-08 |
| 3 | Bangesal Kaskot Naughat Jabune Hariyagaun Gothibang Chorpani Khalanga Pyuthan | RIDOPYU /081/82/ NCB-15 | NA | 5000 | 50.10 Million | 33.40 Million | 2025-12-09 | 945000 | 2026-01-08 |

3. Submision And Opening (Bids received after the deadline will be rejected)

| | | | |
|---|---|---|---|
| August 12, 2025 | 12:00 hours | August 12, 2025 | 13:00 hours |

4. Information to deposit the cost of bidding document in Bank

| Office Name | Bank Name | Office Code | Rajaswa Revenue Shirshak No. | Rajaswa Account Number | Office Account No. |
|---|---|---|---|---|---|
| Road Infrastructure Development Office, Pyuthan | Nepal Bank Ltd. Khalanga, Pyuthan | 3370155025 | 14229 | 27402000001001000001 | 05202000002003000001 |

Office Chief

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी

# पाल्पामा डरलाग्दो रूपमा बढ्दै नसर्ने रोग

**कृष्ण पोखरेल**
*पाल्पा*




स्वास्थ्य कार्यालय पाल्पाले जनताको स्वास्थ्य अवस्था पत्तालगाई रोगहरुको नियन्त्रण रोकथाम तथा उपचारात्मक पद्धतिमा सुधार गरी स्वस्थ मानिस, स्वस्थ जीवन अभियान सुरु गरेको छ। स्वास्थ्य कार्यालय पाल्पाले चालु आर्थिक वर्षभित्र भएका गतिविधि र पारिवारिक स्वास्थ्य अवस्था सार्वजनिक गर्दै बढ्दो मात्रामा रहेको नसर्ने रोगको पछिल्लो तथ्याङ्क सार्वजनिक गर्दै पाल्पाको ३० वर्षे उमेर माथिका नागरिकको स्वास्थ्य अवस्थाबारे सचेत गराएको छ।

सार्वजनिक कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले भाषणमा नभई तथ्याङ्कमा आधारित रहेर स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन लागिपरेको बताए। सार्वजनिक तथ्याङ्कको रिपोर्टलाई आधार बनाएर पालिकाहरुले स्वास्थ्य क्षेत्रमा नीतिनियम तथा कार्यक्रम बजेटमा ध्यान दिएमात्र प्रदेश सरकारले तथ्याङ्क संकलनमा गरेको लगानी उपयोगी हुने स्वास्थ्यमन्त्री सारुले जोड दिए।

स्वास्थ्य मन्त्रालयदेखि स्वास्थ्यचौकीसम्म सुशासन, जवाफदेहिताबाटै जनताको आधा स्वास्थ्य समस्या समाधान हुने भएकोले सो अवस्था कायम गर्न लागिपरेको प्रदेश स्वास्थ्यमन्त्री सारुले जोड दिए। जनताको उमेरअनुसार देखिने स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्नको लागि गणकहरु घर-घरमा पुगेर पारिवारिक स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गरेर प्रदेश सरकारले सोहीअनुसारको नीति, कार्यक्रम र बजेटमा प्राथमिकता दिएर काम सुरु गरेको स्वास्थ्यमन्त्री सारुले जानकारी गराए।

स्वास्थ्य कार्यालय पाल्पाले चालु आर्थिक वर्षको समग्र प्रगती ८२ प्रतिशत गरेको जनाएको छ। स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले संघीय शसर्त अनुदानतर्फ ३ करोड ६१ लाख रुपैयाँ बजेट प्राप्त भएकोमा २ करोड ४५ लाख ८८ हजार रुपैयाँ खर्च भई ६८ प्रतिशत प्रगती हासिल गरेको बताए। यसैगरी प्रदेश सरकारबाट १ करोड ९० लाख २५ हजार बजेटमध्ये १ करोड ७८ लाख ९९ हजार रुपैयाँ खर्च गरी ९४ प्रतिशत, चालु खर्चअन्तरगत १ करोड २८ लाख रुपैयाँमा १ करोड २० लाख रुपैयाँ खर्च गरी ९४ प्रतिशत प्रगती गरी समग्रमा ८२ प्रतिशत प्रगती गरेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख पोखरेलले जानकारी दिए।

स्वास्थ्य कार्यालय पाल्पाका वरिष्ट क्षयकुष्ट रोग फोकल पर्सन विश्वनाथ न्यौपानेले पारिवारिक स्वास्थ्य अवस्थाबारे जिल्लाको तथ्याङ्क प्रस्तुत गरेका थिए। स्वास्थ्य कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कले जनसंख्या दर घट्दो र जसमा १९ वर्षमुनि उमेर समूहमा महिलाको जनसंख्या घट्दो रुपमा पाइएको छ। यो उमेर समूहको जनसंख्या ३५ हजार ८ सय ८७ रहेकोमा पुरुष १८ हजार २४ जना र महिला १७ हजार ८ सय ६३ जना रहेका छन्।

यसैगरी स्वास्थ्य कार्यालयले नसर्ने रोगबारे जिल्लाको १० वटै पालिकामा गरेको स्क्रिनिङ्ग तथ्याङ्क सार्वजनिक गरेको छ। कार्यालयले १३ हजार ५ सय ३६ जनामा स्क्रिनिङ्ग गरेको थियो। जसमा ७५ प्रतिशत सामान्य रहेकोमा २५ प्रतिशतमा मधुमेहको समस्या, १४.५ प्रतिशतमा सामान्य तौल भएको, २.७ प्रतिशतमा कमतौल भएको, ३४.३ मा बढी तौल भएको र ४८.५ प्रतिशतमा मोटोपन भएको पाइएको छ। यसैगरी उच्च रक्तचापको अवस्थामा २२ प्रतिशत सामान्य रहेको र ७८ प्रतिशतमा सुरुवाती चरणदेखि उच्च अवस्थामा पुगेको पाइएको छ।

कार्यक्रममा प्रदेश सांसद इन्द्रा गहतराज, स्वास्थ्य मन्त्रालयकी सचिव दुर्गालक्ष्मी श्रेष्ठ, जिल्ला समन्य समितिका प्रमुख टंकनाथ खनाल, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीदर्लामी, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य अधिकृत हुमबहादुर आले, पव्लिक हेल्थ नर्स शान्ति भण्डारीले स्वास्थ्य कार्यालयको कार्य प्रगति तथा प्रकाशित तथ्याङ्कको बारेमा चर्चा गरेका थिए।

# नेसनल प्याब्सनद्वारा एसईई उत्कृष्ट ११६ जनालाई सम्मान




बुटवल। राष्ट्रिय निजी तथा आवासिय विद्यालय एशोसियन नेपाल (नेशनल प्याब्सन) रुपन्देहीले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई बधाई, सम्मान तथा शुभकामना कार्यक्रम गरेको छ।

नेशनल प्याब्सन रुपन्देहीले शनिबार बुटवलमा एक कार्यक्रमको आयोजन गरी जीपीए ३.६० देखि ४ जीपीए ल्याउने ११६ जना विद्यार्थीहरुलाई बधाई, सम्मान तथा शुभकामना कार्यक्रम गरेको हो।

कार्यक्रमको उद्घाटन गर्दै शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका प्रमुख माधव बन्जाडेले शैक्षिक क्षेत्रमा विद्यार्थीले ल्याएको उत्कृष्ट नतिजाले विद्यार्थीको शैक्षिक प्रगतिको मापन गर्ने बताए। उनले माध्यमिक शिक्षा परीक्षामा ल्याएको शैक्षिक उपलब्धिलाई १२ कक्षासम्म कायम राख्न विद्यार्थीलाई अझै मेहनत र लगनशिल बन्नु पर्ने सुझाव दिए।

कार्यक्रममा नेशनल प्याब्सनका केन्द्रीय उपमहासचिव कृष्णप्रसाद पौडेलले विभिन्न समयमा आयोजना हुने बधाई तथा शुभकामनालगायतका कार्यक्रमले विद्यार्थीहरुलाई शैक्षिक सफलताका लागि थप हौसला र प्रेरणा प्राप्त हुने बताए। उनले शैक्षिक क्षेत्रमा उत्कृष्टता हासिल गर्नविद्यार्थीको अनुशासन, आचरण र व्यवहारले महत्व राख्ने उल्लेख गर्दै विद्यार्थीले लक्ष्य केन्द्रित भएर अध्ययनमा जोड दिनु पर्ने जनाए।

नेशनल प्याब्सनका अध्यक्ष तिलब केसीको अध्यक्षता र सचिव विनोद थापा मगरको सञ्चालनमा भएको कार्यक्रममा नेशनल प्याब्सनका केन्द्रीय सदस्य जेवी क्षेत्री, सल्लाहकार प्रकाश भट्टराई, उपाध्यक्ष राजेन्द्र पराजुलीलगायतले एसईईमा सफल विद्यार्थीहरुलाई बधाई दिँदै माथिल्ला कक्षामा पनि थप उत्कृष्टताको शुभकामना दिएका थिए।

सो अवसरमा उत्कृष्टतासँगै एसईईमा सत् प्रतिशत नतिजा हासिल गर्ने विषयगत शिक्षक तथा विद्यालयहरुलाई समेत सम्मान गरिएको अध्यक्ष केसीले जानकारी दिए।

# आफैं खर्च जुटाएर बाद्यवादन सिक्दै महिला



रामपुर। असारः रामपुर नगरपालिका-५ स्थित बेझाडका महिलाले आफैं खर्च जुटाएर बाद्यवादनसम्बन्धी सीप सिक्न थालेका छन्। कला, संस्कृति संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले यहाँका १० जना महिलाले बाद्यवादनसम्बन्धी सीप सिक्न थालेका हुन्।

शिवकुमारी वाग्लेलाई मादलमा हात कसरी राख्ने भन्ने थाहा थिएन। गाउँघरमा अरुले लय निकालेर मादल बजाएको देख्दा आफूलाई पनि बजाउने रहर लाग्ने गरेको सुनाउँदै उनले १० जनाले संयुक्त रूपमा खर्च उठाएर मादल बजाउने सीप सिक्न थालेको जानकारी दिइन्। यसले कला, संस्कृतिको संरक्षण हुनुका साथै पुस्तान्तरणमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरिन्।

"यसअघि सीप सिक्ने इच्छा हुँदाहुँदै पनि उचित वातावरण थिएन। सानैदेखिको मादल बजाउने रहर अहिले आएर पूरा भएको छ। घरमा अहिले प्रायःजसो मादलका धुन गुञ्जिन्छ। मादल बजाउने कार्यमा एक किसिमको आदत जस्तै बनिसकेको छ।"-वाग्लेले भने।

संगीत एउटा मन भुलाउने माध्यम हो भन्दै छोराछोरी बढ्दै गएपछि आफ्नो पेसामा व्यस्त हुँदा मादल बजाउने सीपले घरमा एक्लोपन हुन नदिएको वाग्लेले धारणा राखिन्।

"बाद्यवादन सिकेपछि अहिले घरमा संगीत चलिरहन्छ, यसले मनलाई आनन्द दिनुका साथै समयको सदुपयोग र शरीर फुर्तिलो बन्दै गएको छ।"-उनले भनिन्।

मादलबाहेक अन्य बाद्यवादनका सीप पनि सिक्दै जाने योजना रहेको उनले बताइन्। बाद्यवादनतिर लाग्न थालेपछि मोबाइलको प्रयोग कम, अनावश्यक रूपमा खर्चिने समयको सदुपयोग र शारीरिक कसरत पनि भइरहेको वाग्लेले उल्लेख गरिन्। गाउँमा अरुले थरीथरीका ताल निकालेर मादल बजाएको देख्दा सरिता अर्याल गैरेलाई पनि आफूले त्यसरी नै मादल बजाउने रहर थियो। आफ्नो मनभित्रका रहर अहिले पूरा हुन थालेका उनले बताइन्। मादलमा हात राम्ररी चलाउन नजान्ने गैरे अहिले थरीथरीका ताल निकालेर बजाउँछिन्।

"संगीतमा रुची धेरै छ, गाउँमा संगीत सिक्ने पाठशाला छैन। पहिलेदेखिको रहर अहिले आफ्नै लगानीमा भए पनि सीप सिकेर पूरा गरिएका छौँ, अब मादलबाहेक अन्य बाद्यवादन बजाउने सीप सिकेर एउटा कुशल बाद्यवादक बन्ने अठोट छ, त्यो सपना पूरा गर्ने कोशिसमा छु।"-उनले भनिन्।

तीज, विवाह, शुभकार्यमा गाउँघरमा युवा जनशक्ति कम हुँदै जाँदा मादल बजाउने व्यक्तिको अभावलाई परिपूर्ति गर्नका लागि महिलाहरु मिलेर सामूहिक रूपमा मादल बजाउने सीप सिकेको सीता सिग्देलले बताइन्। मादल तथा प्रशिक्षकको आफैं व्यवस्थापन गरेर करिब एक महिनासम्म मादल बजाउने सीप सिकेपछि अहिले सबैजसो लयमा बजाउन सक्ने भएको उनको अनुभव छ।

सीप सिकेपछि घरमा समय मिलाएर बजाउने र विभिन्न लयमा सिक्ने कार्य भइरहेको तुल्सी रेग्मीले उल्लेख गरिन्। घरमा मादल, हार्मोनियमलगायत विभिन्न थरीका बाद्यवादनका सामग्री रहेका भन्दै एक पटक सीप सिकेपछि विभिन्न लयमा बजाउन समस्या नभएको उनको अनुभव छ।

उनले मादलसँगै हार्मोनियम, खैजडी, मुजुरालगायत बाद्यवादनका सामग्री बजाउने गरिरहेकी छिन्। घरमै बाद्यवादन भएकाले सो सामग्री व्यवस्थापनमा समस्या नभएको उनको भनाइ छ।

रामपुर बेझाडस्थित राधाकृष्ण मन्दिरमा दिउँसोको समयमा यहाँका महिलालाई ऋषि ढकालले प्रशिक्षकका रूपमा सीप सिकाएका हुन्। आफूले जानेको सीप सिकाउन पाउँदा उत्साहित भएको उनले बताए। सुरुमा सिकाउन गाह्रो भए पनि सहभागीले सिक्न थालेपछि सजिलो हुँदै गएको उनको अनुभव छ।

"सुरुमा कसरी सिक्नुहुन्छ होला ? भन्ने लागेको थियो, मादलमा हात राम्ररी राख्न थालेपछि विस्तारै सिक्दै जानुभयो। दश दिन मादलमा हात बसाल्नै समय लाग्यो, त्यसपछि विस्तारै तालमा बजाउने सीप सिकेपछि अहिले एउटा बाद्यवादकले जसरी नै मादल बजाउनु हुन्छ। छोटो समयमा पनि राम्रो सीप सिक्नुभएको छ।"-प्रशिक्षक ढकालले भने।

मादलका लागि सिकारुलाई आठमात्राको ख्याली (जहाँ आठ प्रकारका ख्याली) बजाउन सिकाइने उनले जानकारी दिए। सहभागीले रत्यौली, पूजाआजा, भजनकीर्तनमा प्रयोग हुने मादलसम्बन्धी सीप हासिल गरेका प्रशिक्षक ढकालले उल्लेख गरे। सानै उमेरदेखि बाद्यवादनमा लागेका ढकालले 'भित्रदेखि सिक्छु' भनेर लागियो भने संगीत सिकाइ पूरा हुने आफ्नो अनुभव सुनाए। उनी भजनकीर्तन, पूजाआजा, शुभकार्य, विभिन्न कार्यक्रमलगायत विभिन्न कार्यमा सहभागी भएर बाद्यवादकको काम गर्दै आएका छन्।यहाँका महिलाले रत्यौलीमा प्रयोग हुने ख्याम्टा, झ्यारे भाकाको ताल, झ्याउरे भाकालगायत सीप सिकेका छन्। पहिला बाद्यवादन क्षेत्रमा पुरुषकै वर्चश्व हुन्थ्यो।

अहिले युवा जनशक्ति गाउँमा बसोबास नगर्दा पुरुष बाद्यवादक पनि कम हुँदै जान थालेको अवस्थामा रत्यौली, पूजाआजा, भजनकीर्तनलगायत विभिन्न कार्यक्रममा महिलाले बाद्यवादकको काम गर्न थालेपछि संस्कृति संरक्षणका साथै पुस्तान्तरण भइरहेको स्थानीय बताउँछन्।

बाद्यवादनमा रुची भएका महिलालाई लक्षित गरेर सीप विकासको तालिम दिएमा कुशल बाद्यवादक उत्पादन हुने प्रशिक्षक ढकालले बताए। "बाद्यवादन एउटा मानव मन भुलाउने माध्यम हो। यसले सबैको मनलाई छोएको हुन्छ। त्यसकारण तल्लो तहदेखि सीप विकास गर्नका लागि यस्ता खालका कार्यक्रममा सम्वद्ध निकायले जोड दिनुपर्दछ।"-उनले भने।

# भानु जयन्तीमा रामायण वाचन प्रतियोगिता



बुटवल। २१२औँ भानु जयन्तीको अवसरमा ज्ञानज्योति पुस्तकालय बुटवलले माध्यमिक विद्यालयस्तरीय रामायण वाचन प्रतियोगिता सम्पन्न गरेको छ। रुपन्देहीका विद्यालयहरुबिच आपसी सम्बन्ध प्रगाढ बनाउने र विद्यार्थीहरुमा अन्तरनिहीत प्रतिभा प्रष्फुटन गराउने उद्देश्यले गरिएको प्रतियोगितामा रुपन्देहीका १७ विद्यालयका ३४ जना विद्यार्थीले भाग लिएका थिए। मणिमुकुन्द कलेजको सभा हलमा भएको प्रतियोगितामा तिनाउ इङ्गलिस बोर्डिङ्ग स्कुलका ऐश्वर्या कार्की र ज्याक्सन दुतराजको टोली प्रथम भएको छ। यस्तै कान्ति मा विका कृष्टिना खनाल र गुगल रानाको टोली दोस्रो तथा आवर पिसल्याण्ड एकेडेमी बुटवलकी स्मृति विक र निशेष आचार्यको टोली तेस्रो भएका छन्। यस्तै स्मृति बोर्डिङ स्कुलका कृषल देवकोटा र सिमरन शर्मा सान्त्वना भएका कार्यक्रम संयोजक माधव गौतमले जानकारी दिए।

प्रतियोगिताको उद्घाटन गर्दै बुटवल कालिका क्याम्पसका प्रमुख घनश्याम पाठकले नेपाली भाषा र साहित्यमा भानुभक्तको योगदानलाई साँचो अर्थमा सम्मान गर्न भानु जयन्तीमा यस्ता प्रतियोगिताहरु आयोजना गर्नु सकारात्मक भएको बताए। कार्यक्रम सम्पन्न गर्न टेरा मोटर्स तथा ग्रीन सिटी भेइकलले आर्थिक सहयोग गरेको कार्यक्रम संयोजक माधव गौतमले बताए।

पुस्तकालयका अध्यक्ष टुकबहादुर क्षेत्रीले पुस्तकालयले विभिन्न कठिनाईका बाबजुद नेपाली भाषा, साहित्यको संरक्षण प्रवर्द्धनसंगै पठन संस्कृति विकास गर्न निरन्तर विभिन्न कार्यक्रम गर्दै आएको बताए।

२०४३ बैशाखमा सार्वजनिक पुस्तकालयको रूपमा स्थापना भएको ज्ञानज्योति पुस्तकालय वि.सं. २०५० सालमा टुकबहादुर क्षेत्रीको अध्यक्षतामा गठित नयां कार्य समिति बनेपश्चात् पुस्तकालयको विकासमा निकै ठूलो मेहनत गरेको जानकारहरु बताउँछन्।

क्षेत्रीकै लामो प्रयासपछि सुकुम्बासी आयोगबाट बुटवल ८ (सविकको बुटवल-१०), मिलनपथमा करिब ५ धुर जग्गा पुस्तकालयलाई प्राप्त भएको थियो। सोही स्थानमा पुस्तकालय भवन बनेर व्यवस्थितरुपमा सञ्चालनमा छ।

पुस्तकालयको पहलमा सहरिया बालबालिकाहरूलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको छ। साथै सरसफाइ कार्यक्रम, छात्रछात्राहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटनको लागि हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, खेलकुद प्रतियोगिता, चित्रकला प्रतियोगिता, कविता वाचन प्रतियोगिता, रामायण वाचन प्रतियोगिता र प्रौढ शिक्षा आदि पनि सञ्चालन गरिँदै आएको व्यवस्थापक प्रकाश सुवेदीले बताए।

पुस्तकालय भवनमा ज्ञानविज्ञान, कला, साहित्य तथा समालोचना, ग्रन्थ, पर्यटन, सञ्चार, समाजशास्त्र आदि विधाका करिब तीन हजार जति पुस्तकहरू रहेका छन्। बुटवलबाट प्रकाशित हुने सबै दैनिक पत्रिकाहरू पुस्तकालयमा नियमित रूपमा जाने गर्दछन्।

पुस्तकालयलाई प्रभावकारी बनाउन र पाठकहरूको संख्यामा वृद्धि गराउन पुस्तकालयलाई २०७४ देखि ई-लाइब्रेरीको रूपमा विकास गरिएको छ। विभिन्न शिक्षण संस्थाहरूबाट प्राप्त भएका १० थान कम्प्युटरबाट ई-लाइब्रेरी सञ्चालन गरी सेवा प्रदान गरिएको छ।

# क्रिकेटर लामिछानेको सम्मानमा रंगशाला बन्दै

वालिङ। नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान रहेका क्रिकेटर सन्दीप लामिछानेको सम्मानमा स्याङ्जामा क्रिकेट रंगशाला बनाउन सुरु गरिएको छ। स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ आरुचौरमा जन्मिएका क्रिकेटर लामिछानेको सम्मानमा सोही वडाको थाप्लेमा गाउँपालिकाले रंगशाला बनाउन सुरु गरेको हो।

गाउँपालिका कार्यालयको लगानी तथा अगुवाइमा स्थानीयहरूको जनश्रमदानसहित रंगशाला निर्माण सुरु भएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए। डाँडाको टुप्पो तर समथर रहेको सार्वजनिक गौचरनलाई क्रिकेट मैदान बनाउने गरी चालु आर्थिक वर्ष २०८१/८२ देखि बनाउन सुरु गरेको उनले बताए।

"चालु आवदेखि गाउँपालिकाको लागत तथा स्थानीयहरूको जनश्रमदानमा रंगशाला बनाउन सुरु गरेका हौँ", उनले भने-"अहिले मैदान बनाउने ठाउँलाई सम्याउने काम भएको छ, वर्षा लागेकाले तत्काललाई काम रोकेका छौँ, वर्षा सकिएपश्चात् कामलाई तीव्र गतिमा अगाडि बढाएर सम्पन्न गर्छौं।"

समुद्री सतहदेखि १९०७ मिटरको उचाइमा यो ठाउँ रहेको छ। निर्माणाधीन मैदानलाई 'नाइन्टिन ओ सेभेन अरिना' नाम दिएको उनले बताए। मैदान बीच भागबाट चारैतिर ४५ मिटर वृत्ताकारमा फैलिएको छ। राष्ट्रियस्तरको मैदानका लागि आवश्यक पर्ने मापदण्डलाई पूरा हुने गरी निर्माण भइरहेको छ।

मैदानमा पीच बनाउनका लागि क्रिकेटसँग सरोकार राख्ने जिल्ला, प्रदेश तथा केन्द्रीय नेतृत्वकर्ता, अनुभवीहरूको परामर्शमा काम भइरहेको छ। अहिले देश तथा विदेशमा आफ्नो र देशको नामलाई परिचित गराउन सफल क्रिकेटर सन्दीपको जन्म यसै ठाउँमा भएकाले उहाँको सम्मान सँगसँगै नयाँनयाँ प्रतिभा उत्पादन गर्नका लागि पनि यसले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष तिवारीको छ।

"क्रिकेट मैदान निर्माणाधीनस्थलबाट झण्डै आधा घण्टाको दूरीमा दक्षिण एसियाकै पहिलो सामुदायिक घरबास (होमस्टे)को रूपमा पहिचान बनाएको सिरुबारी गाउँ रहेको छ", गाउँपालिकाका अध्यक्ष तिवारीले भने-"यस क्षेत्रमा क्रिकेट र पर्यटनलाई सँगसँगै जोडेर अगाडि लैजान सकिने देखिएको छ।"

क्रिकेट मैदान निर्माण सम्पन्न भएसँगै यस ठाउँमा राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने तयारी छ। पछिल्लो समय युवामाझ लोकप्रिय बन्दै गइरहेको नयाँ नयाँ प्रतिभाको प्रतिभाको खोजी गर्दै प्रतिभा बाहिर ल्याउन सहयोग पुग्ने धारणा गाउँपालिकाका अध्यक्ष तिवारीको छ। उनका अनुसार अभ्यासका लागि छुट्टै ठाउँ बनाइने छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com